मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

मिति:-२०८०/१२/१८ बैठक संख्या :- २०८०/०८१-१४ समय :- विहान ८ बजे ।

अध्यक्षता गाउँपालिका अध्यक्ष श्री रञ्जन कालाखेती

स्थान मनहरी गाउँपालिका वडा नं. ३ को कार्यालय हाँडीखोला, मकवानपुर

**उपस्थिति**

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रञ्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. अध्यक्ष | |
| ८ | श्री युवराज थपलिया | ६ नं. अध्यक्ष | |
| ९ | श्री ठाकुरराम तितुङ | ७ नं. अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. अध्यक्ष | |
| ११ | श्री राजकुमार श्रेष्ठ | ९ नं. अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेतीमाया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राममाया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मीरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छीमाया बोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुरकुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री रमेश सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |

**आमन्त्रित बैठक/सहयोगी**

श्री राजेन्द्र भट्टराइ बरिष्ठ लेखा अधिकृत

श्री अञ्जना सुवेदी प्रशासन शाखा प्रमुख

मिति २०८०/१२/१८ गते बसेको चौधौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।

२. कानून स्वीकृत सम्बन्धमा ।

३. कृषि अधिकृत सातौंको स्थायी नियुक्ति सम्बन्धमा ।

४. नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा ।

५. विपन्न बालबालिका गरिबसंग विशेश्वर शैक्षिक सहायता सम्बन्धमा ।

६. खेलकुद सामाग्री सम्बन्धमा ।

७. शिर्षक परिवर्तन सम्बन्धमा ।

८. आर्थिक सहायता सम्बन्धमा ।

९. विपन्न किसान प्रवर्द्धन सम्बन्धमा ।

१०. गैर सहकारी संस्थासंगको लागत साझेदारी सम्बन्धमा ।

११. समपुरक योजनाको बाँकी रकम सम्बन्धमा ।

१२. मनहरी अस्पतालको शुल्क निर्धारण सम्बन्धमा ।

१३. VO स्वीकृत गर्ने सम्बन्धमा ।

१४. बहुक्षेत्रिय पोषण कार्यक्रम सम्बन्धमा ।

१५. सिचाई पाईप सम्बन्धमा ।

१६. कर संकलक थप गर्ने सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँकार्यपालिकाबाट भएका अधिकाशं निर्णहरु कार्यान्वयन भईसकेको र केही निर्णय कार्यान्वयनको लागि सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गर्दै प्रगति तथा उपलब्धिको समिक्षा गरीयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिकाका तपसिल बमोजिमका कार्यविधि, तथा नियमावली स्वीकृत गरी राजपत्र प्रकाशनको लागि गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

क) मनहरी गाउपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण नियमावली, २०८०

ख) मनहरी गाउँपालिकाको ढुङ्गा, गिट्टी, वालुवा, आदी उत्खनन्, बिक्री तथा वितरण सम्बन्धी कार्यविधि, २०८०

ग) सुशासन नियमावली, २०८०

रन्जन कालाखेती
अध्यक्ष

रमेश दुवाडी
प्रमुख प्रशासकीय अधिकृत

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय तहको गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा १७ बमोजिम प्रदेश लोक सेवा आयोग बागमती प्रदेशको प.सं. ०८०/८१, च.नं. १७७ र मिति २०८०/१२/०२ को सिफारिस पत्रानुसार आयोगको विज्ञापन नं. ५४६/०७९/८०(महिला), स्थानीय सेवा तर्फ, अधिकृतस्तर सातौं तह (प्राविधिक) कृषि सेवा, एगृ.इको. एण्ड मार्के/कृषि/प्रसार/बाली विकास/बाली संरक्षण/बागवानी/माटो विज्ञान समूह, कृषि अधिकृत सातौं तहमा सिफारिस भई आउनुभएको **कृषि अधिकृत श्री सर्मिला सुवेदीलाई** ऐ.ऐ. ऐनको दफा २३ को उपदफा (३) बमोजिमको परिक्षणकाल तथा दफा१४४ बमोजिमको सेवा अबधि जोडिने गरी हालको पदमा मिति २०८०/१२/०२ गते देखि जेष्ठता कायम हुने गरी सोही ऐनको दफा १७ बमोजिम स्थायी नियुक्ति दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. ०८०/८१ को लक्ष्य अनुसारको आम्दानी संकलन गर्नको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुरुप मनहरी खोलाबाट गाउँपालिका आफैंले नदिजन्य पदार्थ उत्खनन् गर्ने र उत्खनन् शुल्क प्रति घ. मी. रु १०० (एक सय) सम्बन्धित प्रशोधन गर्ने उद्योगहरुबाट लिने तथा विकी कर यस अघि देखी नै तोकिएको नाकाहरुबाट लिने गरिएकोले सोही अनुसार नै यस विधिबाट उत्खनन् भएको नदीजन्य पदार्थको विक्री कर पनि सोही तोकिएको कर संकलन नाकाहरुबाट लिने व्यवस्था मिलाउन आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भई गरिवीको कारणले आफ्नो अध्ययन पुरा गर्न कठिनाई भोगि रहेका छात्राछात्रहरुलाई तपसिल बमोजिम विपन्न बालबालिकासँग गरिवसँग विशेश्वर शैक्षिक सहायता कोषबाट शैक्षिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

श्री बाल जिवन ज्योति माध्यमिक विद्यालय, मनहरी-०१, मकरी

| क्र.सं. | अध्ययन गर्ने व्यक्तिको नाम | बुवाको नाम | स्थायी ठेगाना | सिफारिस गरिएको तह | सिफारसप्राप्त वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सागर पाठक | युवराज पाठक | मनहरी-०१ | १० | १ | २००० | |

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रजैया, मकवानपुर, बागमती प्रदेश, नेपाल

रञ्जन कालाखेती
अध्यक्ष

मिति २०८०/१२/१८ गते बसेको चौधौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

श्री हेटौंडा क्याम्पस, हेटौंडा, मकवानपुर

| क्र.सं. | अध्ययन गर्ने व्यक्तिको नाम | बुवाको नाम | स्थायी ठेगाना | सिफारिस गरिएको तह | सिफारसप्राप्त वडा नं. | प्राप्त रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सन्ध्या थपलिया | विष्णु प्रसाद थपलिया | मनहरी-०१ | विविएस दोश्रो वर्ष | १ | ९६०० | |

श्री मकवानपुर बुहुमुखी क्याम्पस, हेटौंडा-०२, मकवानपुर

| क्र.सं. | अध्ययन गर्ने व्यक्तिको नाम | बुवाको नाम | स्थायी ठेगाना | सिफारिस गरिएको तह | सिफारसप्राप्त वडा नं. | प्राप्त रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | अप्सरा पौडेल | लेखनाथ पौडेल | मनहरी-०३ | १२ | ३ | ७२०० | |
| २ | अविरल लटौला | ठाकुराम लटौला | मनहरी-०१ | १२ | १ | ११८०० | |
| जम्मा | | | | | | १९००० | |

श्री महेन्द्र किरण माध्यमिक विद्यालय, मनहरी-०८, सिमपानी

| क्र.सं. | अध्ययन गर्ने व्यक्तिको नाम | बुवाको नाम | स्थायी ठेगाना | सिफारिस गरिएको तह | सिफारसप्राप्त वडा नं. | प्राप्त रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नविन ब्लोन | श्रीप्रसाद ब्लोन | मनहरी-०७ | १२ | ७ | ७२०० | |
| २ | अनिषा कोइराला | हस्त बहादुर कोइराला | मनहरी-०७ | कृषि बालि विज्ञान तेस्रो बर्ष | ७ | १२००० | |
| ३ | एनिशा मल्ल | सानु कान्छा मल्ल | मनहरी-०९ | १२ | ९ | ७२०० | |
| ४ | सुमित ओझा | हरि चन्द्र ओझा | मनहरी-०९ | १२ | ९ | ७२०० | |
| ५ | समिन पिठाकोटे | रामे पिठाकोटे | मनहरी-०९ | १२ | ९ | ७२०० | |

रन्जन कालाखेती
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | हृदयलाल रिजाल | प्रचण्डलाल रिजाल | मनहरी-०३ | १२ | ३ | ७२०० | |
| ७ | अक्सा हिम्डुङ्ग | अमर हिम्डुङ्ग | मनहरी-०८ | १२ | ८ | ७२०० | |
| जम्मा | | | | | | ५५२०० | |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा मनहरी गाउँपालिकाका प्रत्येक वडामा गठन भएको बालसंजाल/बालक्लबका पदाधिकारीहरुका लागि पालिकास्तरीय बाल अधिकार समितिबाट बाल समिति अन्य समिति परिचालन शिर्षकमा विनियोजन गरिएको बजेटबाट प्रति वडा रु १० हजारका दरले खेलकुद सामाग्री खरिद गरी वितरण गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफलप गर्दा मनहरि गाउँपालिकाको आ.व. ०८०/८१ को स्वीकृत विभिन्न शाखागत कार्यक्रम तथा वडागत योजनाहरु विविध कारणले कार्यान्वयन तथा संचालन गर्न कठिनाई रहेको व्यहोरा सहित सम्बन्धित शाखाको प्रस्ताव तथा वडा कार्यालयहरुको सिफारिस प्राप्त हुन आएको हुदाँ तपसिल बमोजिमका कार्यक्रम तथा योजनाको शिर्षक परिवर्तन

| क्र.सं. | साविकको योजना/कार्यक्रमको नाम | विनियोजित रकम | क्र.सं. | संशोधित योजना/कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अति विपन्न दलित आयआर्जन कार्यक्रम | ६,००,०००/- | १ | दलित समुदायका व्यक्रतिलाई नेतृत्व तथा क्षमता विकास अभिमुखिकरण कार्यक्रम | १,५०,०००/- | |
| | | | २ | अति विपन्न दलित आयआर्जन कार्यक्रम | ४,५०,०००/- | |
| २ | अति विपन्न जनजाती आयआर्जन कार्यक्रम | ६,५०,०००/- | ३ | आदिवासी जनजाती समुदायका व्यक्तिहरुलाई नेतृत्व तथा क्षमता विकास अभिमुखिकरण कार्यक्रम | १,५०,०००/- | |
| | | | ४ | साबुन बनाउने तालिम | ३,००,०००/- | |
| | | | ५ | सिपमुलक डल कुशन बनाउने तालिम | २,००,०००/- | |
| ३ | मनहरी ट्राफिक प्रहरी भवन बनाउन सहयोग | १,००,०००/- | ६ | मनहरी ट्रष्ट निर्माण | २,५०,०००/- | |
| ४ | मनहरी ट्रष्ट निर्माण | १,५०,०००/- | | | | |
| ५ | एड्भान्स तालिम | ७,००,०००/- | ७ | एडभान्स ब्युटीपार्लर तालिम | ३,८०,०००/- | |
| | | | ८ | आधारभुत क्रिष्टल गहना बनाउने तालिम | १,५०,०००/- | |
| | | | ९ | एड्भान्स तालिम | १,७०,०००/- | |

गर्ने निर्णय गरियो ।

तपसिल :

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८०/१२/१८ गते बसेको चौधौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ५ डिल्लीपुर स्थायी बसोबास गर्ने श्री कर्ण बहादुर स्याङ्तानले संचालन गर्दै आएको राईस मिलको विद्युत मिटर मिति २०८०/१२/०७ गतेको चट्याङका कारण पूर्ण क्षति भएकाले विपद् व्यवस्थापन कोषबाट रु २०,०००/- (बिस हजार) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. ०८०/८१ को लागि विपन्न किसान प्रवर्द्धन कार्यक्रम शिर्षकमा विनियोजित रकम रु ५,००,०००/- (पाचँ लाख) ८०/२० को लागत साझेदारीमा वडा नं. ८ मा संचालन गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने एकल आमाहरुको लागि आवास, सिपमूलक तालिम, आय आर्जन सामाग्री हस्तान्तरण गर्ने कार्यक्रम संचालनको लागि गैरसरकारी संस्था टुकी फाउण्डेसनसंग लागत साझेदारी रहने गरी कार्य सम्झौता गरी कार्यान्वयन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा संघीय तथा प्रदेश समपुरकबाट संचालित तपसिल अनुसारका योजनाको सम्झौता बमोजिम काम सम्पन्न भई भुक्तानी दिईएकोमा सो योजनाहरु पूर्ण रुपमा सम्पन्न नभएकोले थप काम तोकिएको स्वीकृत बजेटहरुबाट गरी पाउँ भनि सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस प्राप्त भएकोमा यसै आ.ब. भित्र काम सम्पन्न गर्नुपर्ने भएकाले समय अभाव भई ठेक्का बन्दोबस्त गर्न असहज भएकोले प्रचलित सार्वजनिक खरिद कानून बमोजिम सिलबन्दी कोटेशन मार्फत कार्य प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिलः

क) वडा नं. २ सडकस्तरीकरण

ख) मानेडाँडा रमौली सडकस्तरीकरण

ग) वडा नं. ८ र ९ सिमा सडक

घ) माथिल्लो मसिने खानेपानी वडा नं. ४

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा प्रस्ताव नं माथि छलफल गर्दा मनहरी अस्पतालले सो अस्पताल संचालन तथा व्यवस्थापन समितिको मिति २०८०।०६।२२ गते समितिको बैठकको निर्णय स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध नभएका बिरामीहरुको उपचारकार्यको लागि अस्पतालमा आउने तथा स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएका सेवा ग्राहीहरुको स्वास्थ्य बिमा बोर्डले सेवा शुल्क भुक्तानी दिने गरेको र स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध नहुने सेवाग्राहीबाट शुल्क प्राप्त नहुदा अस्पताल संचालनमा कठिनाई भएकोले स्वास्थ्य बिमा नभएका बिरामीहरुको लागि स्वास्थ्य बिमा बोर्डले दिने भुक्तानि शुल्कमा नबढ्ने गरी तपसिल बमोजिम सेवा शुल्क लगाउने

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८०/१२/१८ गते बसेको चौधौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

निर्णय गरी निर्णय अनुमोदनको लागि मनहरी गाउँ पालिका कार्यपालिका समक्ष पेश भए बमोजिम तपसिल अनुसारको सेवा शुल्क अनुमोदन गर्ने निर्णय गरियो ।

सेवा शुल्क बिवरण

| क स | सेवा | दर | क स | सेवा | दर |
|---|---|---|---|---|---|
| १ | टिकट | २० | १८ | पोस्टेरियर स्ल्याप हात | ४०० |
| २ | नेवुलाईजेसन ER | ५० | १९ | पोस्टेरियर स्ल्याप खुट्टा | ५५० |
| ३ | अक्सिजन ER | १०० | २० | माईनर आई डी | १५० |
| ४ | टिकट | ५० | २१ | मोडरेट आई डी | २०० |
| ५ | ड्रेसिङ साधारण | ६५ | २२ | पुलिस रिपोर्ट | २०० |
| ६ | ड्रेसिङ मेजर | २५० | २३ | सिरिन्जिङ(कान) | १०० |
| ७ | सुचर लगाउने माईनर | १५० | २४ | क्याथेटराईजेसन | १५० |
| ८ | सुचर लगाउने मोडरेट | २५० | २५ | अक्सिजन (ओ पि डि) | १०० |
| ९ | सुचर रिमोभ माईनर | ६५ | २६ | नेवुलाईज (ओ पि डि) | ५० |
| १० | सुचर रिमोभ मेजर | १५० | २७ | दाँत फुकाल्ने बंगारा | ३०० |
| ११ | प्लास्टर हात | ५०० | २८ | दाँत फुकाल्ने बंगारा बाहेक अरु | २०० |
| १२ | प्लास्टर खुट्टा | ७०० | २९ | दाँत फुकाल्ने बच्चाको | १०० |
| १३ | CBC | १५० | ३० | DC | ३५ |
| १४ | Stool RME | ४० | ३१ | HB | ३५ |
| १५ | Urine RME | ४० | ३२ | Platelet count | ५० |
| १६ | Blood suger (R, F, PP) | ६० | ३३ | बिरामी भर्ना शुल्क | ५० |
| १७ | TC | ३५ | ३४ | अन्तरंग उपचार शुल्क(डाक्टर तथा नर्सिङ सेवा) | १०० प्रतिदिन |

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा प्रदेश समपुरक अन्तर्गतको वडा नं. २ सडकस्तरीकरण र वडा नं. ७ को मानेडाँडा रमौली सडक स्तरीकरण कार्यको लागि तपसिल अनुशारको भेरिएशन अडर (VO) स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | योजनाको नाम | शुरु अनुमानित लागत | VO बमोजिमको लागत | कुल VO रकम | VO प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं २ सडकस्तरीकरण | ११५५२३१२.२२ | ११७९०४७०.२३ | २३८१५८.०१ | २.०६% | |
| २ | मानेडाडाँ रमौली सडक स्तरीकरण | ६०५०९२३.४७ | ६३४८६७४.४५ | २९७७५०.९८ | ४.९२% | |

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

रन्जन कोलाखेती
अध्यक्ष

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत यस गाउँपालिकाभित्र बसोबास गर्ने चेपाङ महिलाहरुको आयआर्जनमा अभिवृद्धि गरी बालबालिका तथा किशोरकिशोरीको पोषणमा सुधार गर्नको लागि चेपाङ महिला बढी भएको वडा मध्ये वडा नं. ६ र ७ लाई छनौट गर्ने र उक्त वडालाई पायक पर्ने सहकारी वडा कार्यालयबाट छनौट गरि छनौट गरिएको सहकारी मार्फत सुनौलो हजार दिनका २४ जना चेपाङ महिलाहरुलाई प्रति व्यक्ति रु २५,०००/- (पच्चिस हजारका दरले) अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा मनहरी गाउँपालिका ३ नं. वडा कार्यालयको च.न.२२३९ मिति २०८०/१२/१८ को सिफारिस अनुसार ढेडुवा खोला क्षेत्रमा सिंचाईको अभावका कारण अन्नबाली, तरकारी तथा फलफुल फस्टाउन नसकेको हुँदा २२५ एम.एम.को १० थान ६ मिटरको पोलेथिन सिंचाई पाईप माग भई आएकोमा स्थलगत अनुगमनको क्रममा समेत तत्काल सो स्थानमा अन्न तथा फलफुलहरु सिंचाईको अभावले सुख्खा भएका कारण क्षतिग्रस्त हुने देखिएकाले कम्तीमा ४८ मिटर उक्त साईजको पाईप उपलब्ध गराउन आवश्यक देखिएको तथा तत्काल बाटो निर्माण गर्नुपर्ने भएकाले ट्रिपर तथा ट्रयाक्टर मा प्रयोग हुने ईन्धन खर्च समेत विपद ब्यवस्थापन कोष संचालन शिर्षकवाट भुक्तानी हुने गरी प्राविधिकको लागत अनुमान अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

१६.प्रस्ताव नं. १६ माथि छलफल गर्दा राक्सिराङ्ग गाउँपालिकाबाट ढुवानी हुने नदीजन्य पदार्थको निगरानी गर्न, मनहरी तथा सानान्टार लगायतका राप्ती खोलामा गरिने नदीजन्य पदार्थको उत्खनन् कार्यमा खटाउन मौजुदा कर संकलकको जनशक्तिको नपुग भएकाले मिति २०८०/११/२८ गते देखी लागु हुने गरी निम्नासारका कर संकलकहरुलाई खटाउने कार्य समर्थन गर्ने निर्णय गरीयो ।

तपसिलः

| क्र. सं. | नाम थर | पद | ना. प्र. नं. | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | राम गौतम | कर संकलक | ३११०१९/८५५९७ | मनहरी- ४ | |
| २ | अन्जन लामा | कर संकलक | ३१-०१-६९-०१९४८ | मनहरी -८ | |

उपरोक्त निर्णयहरु सर्वसम्मतबाट पारित गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँटिया, मकवानपुर
बागमती प्रदेश, नेपाल